# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, वैशाख ११ गते २०२४ साल [ संख्या २

श्री ५ को सरकार

उद्योग वाणिज्य–मन्त्रालयको

### सूचना

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले व्यापारको विकास कार्यहरूलाई शीघ्र र सुचारू रूपले कार्यान्वित गर्न देहायका सदस्यहरू भएको वाणिज्य परिषद्को गठन गरेको छ:–

(१) माननीय उद्योग वाणिज्य मन्त्री – – अध्यक्ष

(२) सचिव, अर्थ–मन्त्रालय – – सदस्य

(३) सचिव, भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालय – सदस्य

(४) सचिव, उद्योग वाणिज्य मन्त्रालय – – सदस्य

(५) सचिव, वन मन्त्रालय – – सदस्य

(६) सचिव, परराष्ट्र मन्त्रालय – – सदस्य

(७) निर्देशक, वाणिज्य विभाग – – सदस्य सचिव

वाणिज्य परिषद्को काम र कर्तव्य:–

(१) देशको वाणिज्य तथा व्यापार नीतिलाई सुसंगठित र सुव्यवस्थित तुल्याई आर्थिक विकास गर्न सहायक तुल्याउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आवश्यक वस्तुको मूल्य स्थिर राख्न व्यवस्था गर्ने,

(३) वस्तुको वितरण व्यवस्था न्यायोचित तुल्याउने,

(४) व्यापारको संतुलन कायम गर्न व्यापारीक तथ्यांक पत्ता लगाउने,

व्यापारसम्बन्धी सरकारी नीतिको प्रचार प्रसार गराउने। व्यापारिक व्यवसायी-हरूलाई देशको आर्थिक विकासमा सहयोग हुने गरी कार्यदक्षता बढाउने,

(५) स्वदेशी वस्तुहरूको उत्पादन र गुणमा वृद्धिगराई न्यायोचित मूल्यमा खपत बढाउने,

(६) मित्रराष्ट्रहरूसंग भएको व्यापारिक सम्झौताहरूलाई कार्यान्वित गरी व्यापारको गठन दिशामा विभिन्नता ल्याउने, विदेशसंग हुने व्यापार बढाउने,

(७) व्यापारिक फर्म, कम्पनी, कर्पोरेशन प्रशासनलाई गतिशील तथा बैज्ञानिक तुल्याउने,

(८) व्यापारबाट हुने शोषणलाई समाप्त गर्न होलसेल एजेन्सी तथा एकलौटी पाएका व्यापारहरूलाई नियन्त्रण गर्दै स्वतन्त्र व्यापारको सिद्धान्तलाई विकास गर्दै लैजाने,

(९) व्यापारिक संगठनहरू खडा गर्ने,

(१०) व्यापारिक सेवालाई दक्ष बनाउन तालीम तथा संगठनको व्यवस्था गर्ने,

(११) निकासी व्यापारको लागि आर्थिक व्यवस्था गर्ने।

यस परिषद्को कार्यालय हाल उद्योग वाणिज्य मन्त्रालय सिंहदरबारमा रहने छ।

आज्ञाले—

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।